नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार

पत्र संख्या:-
च.नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस नोट

साउन १२ गते अपरान्हबाट साउन १६ गतेसम्म मनसुन न्यून चापिय रेखा नेपालको तराई भू-भाग नजिक रहिरहने तथा पर्याप्त जल वाष्पयुक्त हावा पनि भित्रिने सम्भावना रहेकोले ४ दिनसम्म नेपालमा मनसुन सक्रिय भै देशको धेरैजसो स्थानहरुमा हल्कादेखि मध्यम वर्षा भई प्रदेश नं ५, गण्डकी, कर्णाली, सुदुरपश्चिम तथा बागमती प्रदेशका केहि स्थानहरुमा तथा प्रदेश नं १ र २ का थोरै स्थानहरुमा भारी वर्षा हुने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेको हुँदा पहाडी भू-भागमा भू-क्षय र पहिरो जानसक्ने एवम् तराईमा बाढी, डुबान र कटान हुन सक्ने सम्भावना भएकोले हरेक जिल्लामा प्रतिकार्यमा खटिने सुरक्षा निकाय, विपद् व्यवस्थापनमा संलग्न सरकारी एवम् गैर-सरकारी निकाय र विषयगत क्षेत्रहरुलाई उच्च सतर्क अवस्थामा तैनाथी गरिएको छ भने खोज, उद्धार र राहतमा प्रयोग हुने सामग्रीहरु दुरुस्त अवस्थामा राख्न निर्देशन दिई सकिएको हुँदा सर्वसाधारण एवम् विपद् व्यवस्थापनमा खटिने सबैलाई गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण निम्नानुसार गर्न हार्दिक अनुरोध गर्दछ ।

१. बर्षातको कारणले पहाडमा भू-क्षय र पहिरो जान सक्ने, तराईमा बाढी, डुबान र कटान हुनसक्ने भएकाले सर्वसाधारण दाजु, भाई तथा दिदी, बहिनी एवम् विपद् व्यवस्थापनमा संलग्न सबै उच्च सतर्क अवस्थामा रहने,

२. बस्ती नजिक बाढी, पहिरो, डुबान र कटानको जोखिमको आंकलन गरी नजिकको सुरक्षाकर्मी एवम् स्थानीय तहसँग समन्वय गरी सुरक्षित स्थानमा सर्ने,

३. नदी, खोलाको नजिक एवम् पहिरोको आसपासमा बसोबास गर्ने बासिन्दालाई उच्च सतर्क अवस्थामा रहन एक आपसमा प्रचार प्रसार गर्ने,

४. आफू बसेको स्थानमा बाढी, पहिरो, डुबान, कटानको जोखिम देखिएमा नजिकको सुरक्षा निकाय स्थानीय तह एवम् जिल्ला विपद् व्यवस्थापन समितिलाई तुरुन्त खबर गर्ने,

५. सम्भावित वर्षा एवम् बाढीको बारे जानकारी लिन जल तथा मौसम विज्ञान विभागको टोल फि.नं. ११५५ मा फोन गर्ने एवम् तत्काल खोज, उद्धार र राहत एवम् अन्य जानकारीको लागि राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्रको टोल फ्रि नं. ११४९ मा फोन गर्ने,

६. विपद्को समयमा जेष्ठ नागरिक अपांङ्गता भएका व्यक्ति, महिला, बालबालिकाको विशेष ध्यान दिने ।

मिति २०७७ साउन ११ गते

(जनार्दन गौतम)
प्रवक्ता

फोन: ०१-४२००२६०; फ्याक्स: ०१-४२००१०३; टोल फ्रि: ११४९; इमेल: ndrrma@ndrrma.gov.np; ndrrma@gmail.com; URL: www.ndrrma.gov.np